annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक १५ पृष्ठ ८ | काठमाडौं, शुक्रबार ४ जेठ २०८१ | वैशाख शुक्लपक्ष नवमी, नेपाल संवत् ११४४ | FRIDAY, MAY 17, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# राजनीतिको ७५ दिने लछारो



**लामो समयदेखि संसद् अवरुद्ध छ । उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेको सहकारी ठगी प्रकरणमा संसदीय छानबिन समिति बनाउनुपर्ने अडानसहित कांग्रेसले संसद् अवरुद्ध गरिरहेको छ । संसद् खुलाउनका लागि पटक–पटक प्रयास भए पनि सफल भएको छैन । संसदीय समिति बनाउने अडानबाट कांग्रेस टसमस नभएपछि सत्तारुढ गठबन्धनको टाउको दुखाइ भएको छ ।**

**सुरेन्द्र काफ्ले / राधा खनाल / राजकरण महतो** | *काठमाडौं*

– को रिपोर्ट

समाचार पृष्ठ २

कुन दिन के भयो ?

**२०८० फागुन २१** ओली प्रचण्ड गठबन्धन

**२०८० फागुन २७** २२ सदस्यीय मन्त्रिपरिषद्को गठन

**२०८० फागुन ३०** तेस्रोपटक प्रचण्डले लिए विश्वासको मत

**२०८१ वैशाख २** संसद्को हिउँदे अधिवेशन अन्त्य (माघ २२ देखि वैशाख २ सम्म)

**२०८१ वैशाख १२** राज्यमन्त्रीमा जसपा नेपालका दीपक कार्की नियुक्त

**२०८१ वैशाख २०** संसदीय संसद्का दुवै सदनको अधिवेशन २०८१ वैशाख २८ गतेका लागि आह्वान

**२०८१ वैशाख २३** जसपा विभाजन, अशोक राईको नेतृत्व नयाँ पार्टी गठन

**२०८१ वैशाख २८** कांग्रेसद्वारा संसद् अवरुद्ध

**२०८१ वैशाख ३१** जसपा नेपाल फुटेर बनेको जसपा नेपालका प्रदीप यादव मन्त्री र हसिना खानराज्यमन्त्री नियुक्त

**२०८१ वैशाख ३१** उपप्रधान एवं स्वास्थ्यमन्त्री उपेन्द्र यादव र राज्यमन्त्री दीपक कार्कीद्वारा राजीनामा

**२०८१ जेठ १** सरकारको नीति तथा कार्यक्रम प्रस्तुत, तर धन्यवाद ज्ञापन गर्न पनि अवरुद्ध

**२०८१ जेठ ३** लामो छलफल तर सहमति जुटेन । संसद्मा कांग्रेस र एमाले सांसदबीच धकेलाधकेल

गृहमन्त्री रवि लामिछानेलाई बोल्न समय दिएपछि नेपाली कांग्रेस र नेकपा एमालेका सांसदबीच भएको धकेलाधकेल । ● रासस

# खानेपानी र लालपुर्जा खोज्दै भूमिहीनको काठमाडौं पदयात्रा

**विजयकुमार सिंह** | *ढल्केबर (धनुषा)*

धनुषाको जनकपुरधाम उपमहानगरपालिका–१९ पुल्चोकका ५७ वर्षीय नन्दा मुखिया १८ दिनदेखि पैदल हिँडिरहेका छन् । 'चुरे, वनजंगल बचाऔं' का नारा लिएर आफ्नो न्यायसमेतका लागि उनी पैदल काठमाडौं हानिएका हुन् ।

सडक किनारमा सुस्ताइरहेका नन्दाले सानो स्वरमा भने, 'थोरे चलैछी तैयो दम फुल लगैय बौवा, जायके त काठमाण्डुल हैं हमरा सबके (अलिक हिँड्दा पनि मेरो दम बढ्छ बाबु, जानु त काठमाडौं छ हामीलाई) ।'

झोलाबाट औषधि निकालेर देखाउँदै उनले दबाइ खाँदै बाटो काटिरहेको सुनाए । काठमाडौं नपुगेसम्म न्याय नपाउने निश्चित भएपछि आफूहरू अन्तिम संघर्षमा उत्रिएको उनी सुनाउँछन् । उनी जनकपुरको पुलचोकस्थित ऐलानी जग्गामा झुप्रो बनाएर बस्दै आएका छन् । गत जेठ महिनामा वडाध्यक्षले डोजर लगाएर घर भत्काइदिएपछि प्लास्टिकको छानोले टहरा बनाएर बस्दै आएको नन्दा बताउँछन् । त्यही टहरामा उनले ६ जनाको परिवार पालिरहेका छन् । अहिले पनि उठिबासको धम्कीले त्रासमा बाँचिरहेको




**'चुरे, वनजंगल बचाऔं'को नारा लिएर जनकपुरधामबाट काठमाडौं हिँडेका पैदलयात्री ।** ● विजयकुमार सिंह

उनले दुखेसो पोखे । नन्दा भन्छन्, 'रोडमा आइसकेका छौं हामी । सरकारले हामीलाई दुई धुरको भए पनि लालपुर्जा देओस् । त्यसमा सानो घर बनाएर चैनले बाँच्ने रहर छ ।' लालपुर्जाभन्दा नन्दा पानीका लागि चिन्तित छन् । मधेसका गाउँघरमा आगो निभाउने दमकलबाट पिउने पानी वितरण भइरहेको उदाहरण दिँदै नन्दाले भने, 'हेर्नुभयो होला फोटो । कति दर्दनाक छ अवस्था ? कल इनार सबै सुकिसक्यो ।'

पानीका लागि चुरे संरक्षणको अन्य कुनै विकल्प नरहेको उनले जिकिर गरे । 'चुरे बचाउ जंगल जोगाउ । अनि खोलामा पानी आउँछ । त्यसले कल इनारलाई सुक्न दिँदैन । अहिले त अनिकाल लागिसक्यो । हे भगवान्,' हातले टाउकोमा पिट्दै नन्दाले भने । उनले चुरे संरक्षणको अभियान र भूमिहीनको आन्दोलन सँगसँगै काठमाडौं लगिरहेको बताए ।

गएको वैशाख १७ गतेदेखि सप्तरीको भारदहबाट पैदल यात्रा सुरु गर्ने नन्दा एक्ला व्यक्ति होइनन् । उनीसँगै दुई दर्जन बढी व्यक्ति संघीय राजधानी काठमाडौं पुग्न पैदल हिँडिरहेका छन् ।

» बाँकी पृष्ठ ६

इजलास

## यातायातमा अनलाइन सिस्टम : सचेतना आवश्यक



**डन्डबहादुर बस्नेत**

बागमती प्रदेश सरकारले आफ्ना मातहतका सबै यातायात कार्यालयका कामलाई अनलाइन सिस्टममा लगिसकेको छ । यसले सेवा प्रभाव र सुशासन कार्यान्वयनमा महत्वपूर्ण भूमिका खेलिरहेको छ । अब सिस्टम प्रयोग गरे सेवा लिन कार्यालयमै आउनुपर्दैन । सचेतना वा जानकारीको कमिले होला १ सय जनामध्ये २० जनाले मात्रै अनलाइनबाट सेवा लिन्छन् ।

पटके, कर भुक्तानी, यातायात नवीकरण, लाइसेन्सको नवीकरणजस्ता सबै कामहरू अनलाइनबाटै भइरहेको छ । मेडिकल जाँच र बायोमेट्रिक दिन मात्रै कार्यालयमा आउनुपर्छ । सेवाग्राहीले बुझ्न नसकेर हो वा अभ्यास गर्न नजानेर अधिकांश सेवाग्राही कार्यालयमै आएर सेवा लिन्छन् । अनलाइन सेवा प्रतिविश्वस्त नभएर पनि होला, रसिद हातमा लिने बानी परेरै होला, नत्र कार्यालयमा आएर सेवा लिनुपर्ने बाध्यता छैन । घरबाटै अनलाइनमार्फत सरकारी सुविधा लिन सक्ने अवस्था आइसक्यो । सरकारले सचेतना कार्यक्रम ल्याएर अनलाइन सिस्टमप्रति विश्वस्त र अभ्यास गर्न सिकाउनुपर्ने आवश्यकता छ ।

पहिला जस्तो भीडभाड अनि बिचौलियाको बिगबिगी हुने अवस्था छैन । सेवामा धेरै सुधार भयो । सिस्टमले समयको बचत अनि थोरै कर्मचारीबाट धेरै काम गर्न सक्ने अवस्था आयो । सुरक्षाको हिसाबले सिस्टम राम्रो र भरपर्दो छ । अब विस्तारै सबै अनलाइनमै जानुको विकल्प छैन । अब सिस्टम कार्यान्वयनको पाटोमा सरकारले ध्यान दिनुपर्छ ।

*(बस्नेत, यातायात व्यवस्था कार्यालय राधे राधे, भक्तपुरका कार्यालय प्रमुख हुन् ।)*

